# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ८ गते २०४१ साल

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना

श्री ५ को सरकारले मिति २०४१।२।४ को निर्णय अनुसार नुवाकोट जिल्लाको खड्गभञ्ज्याङ, दाङ सिंह, चार घरे र गोरस्याङ गाउँ पञ्चायतको क्षेत्रभित्रको साविकको विर्ता जग्गा रैकरमा परिणत भए तापनि कित्ता नापी हुँदा जग्गा दर्ता हुन नसकी जग्गावाला र जोताहा मोही बीच उत्पन्न विवादको समाधानको लागि देहायबमोजिमको समिति गठन गरेको छ ।

१. समितिको गठनविधि :

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, नुवाकोट – अध्यक्ष

(ख) भूमिसुधार अधिकारी वा निजको काम गर्ने अधिकारी, नुवाकोट – सदस्य

(ग) मालपोत अधिकृत, मालपोत कार्यालय, नुवाकोट – सदस्य-सचिव

२. समितिको काम कर्तव्य र अधिकार : समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) उपर्युक्त गाउँ पञ्चायत क्षेत्रको साविक विर्ता जग्गा रैकरमा परिणत गरी दर्ता गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सम्बन्धित व्यक्तिसंग भएको सबूद प्रमाण, हकभोग, साविक श्रेस्तासमेतका आधारमा वास्तविकता बुझी मालपोत ऐन, २०३४ र जग्गा (नाप जांच) ऐन, २०१९ बमोजिम जग्गा दर्ता गर्ने ।

(ग) मालपोत ऐन, २०३४ को दफा ७ तथा मालपोत नियमावली, २०३६ को नियम ४ अनुसार दर्ता गर्न छुट भएको जग्गा दर्ता गर्ने सम्बन्धी सबै अधिकार प्रयोग गर्ने ।

(घ) दर्ता हुन बाँकी जग्गाहरू दर्ता गर्न सम्बन्धित व्यक्तिहरूलाई आफ्नो सबूद प्रमाण लिई उपस्थित हुन सूचना प्रकाशित गर्ने ।

(ङ) प्राप्त हकको सबूद प्रमाण, भोग चलन तथा साविकको श्रेस्ता आदिको आधारमा मालपोत ऐन तथा जग्गा (नाप जाँच) ऐनको व्यवस्था अनुसार छुट जग्गा दर्ता गर्ने ।

(च) खण्ड (ङ) बमोजिम दर्ता भएको तथा पहिले नै दर्ता भई सकेको र अन्य ठाउँको जग्गासमेत जग्गावालाको स्वामित्वमा रहेको सम्पूर्ण जग्गा-समेतको आधारमा भू. स. ऐन बमोजिम हदबन्दी कार्यान्वयन गरी प्राप्त तथा जफती जग्गा सम्बन्धित क्षेत्रका जोताहा मोहीलाई भूमि सम्बन्धी नियमको व्यवस्थानुसार बिक्री वितरण गर्ने ।

(छ) स्थायी रूपले समस्या समाधान गर्ने सिलसिलामा जग्गावाला (साविकको विर्तावाला) र जोताहा मोही आपसमा मिली मञ्जूरी भए अनुसार जग्गा बाँडफाँड गर्नु पर्ने देखिएमा सोही अनुसार दर्ता कायम गरी दिने ।

(ज) उक्त काम वास्तविकता बुझी गर्नु पर्ने हुँदा स्थलगत निरीक्षण गरी गर्ने । समितिका सबै सदस्य स्थलगत निरीक्षण जान असमर्थ भए कुनै सदस्य गई वास्तविकता बुझ्ने र समितिको कुनै पनि सदस्य जान नसक्ने अवस्था-मा समितिको जवाफदेहीमा अन्य कर्मचारी खटाई बुझ्न सकिनेछ ।

३. समितिको कार्यालय : समितिको कार्यालय मालपोत कार्यालय नुवाकोटमा रहनेछ ।

४. समितिको कार्यावधि : समितिको कार्यावधि काम प्रारम्भ गरेको मितिदेखि ६ महीना-सम्म रहनेछ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।